नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं ३२

मिति:२०८३/०४/१५
ने.सं. ११४६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषय: पशु सेवा तथा पशु कल्याण विधेयक २०८३ को मस्यौदामा राय माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि वन तथा पर्यावरण मन्त्रालयको प.सं.०८३/८४ च.नं.४ मिति २०८३/४/१२ को पत्र र **"पशु सेवा तथा पशु कल्याण विधेयक,२०८३"** को मस्यौदा यसै साथ संलग्न गरी राय तथा सुझावको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

नोट:राय सुझाव lfdd@moald.gov.np मा पठाउनु हुन समेत अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थ:
श्री कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा वेवसाइटमा अपलोड गरिदनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

☎ ४२११९२९, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र सङ्ख्याः ०८३।८४

चलानी नं.: ४

मितिः २०८३/४/१२

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २३३
मितिः २०८३।४।१३

विषयः राय सुझावका लागि सवै स्थानीय तहलाई पत्राचार गरिदिने सम्वन्धमा ।

श्री भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

प्रस्तुत विषयमा, "पशु सेवा तथा पशु कल्याण विधेयक, २०८३" को मस्यौदामा तपशिल वमोजिमको इमेल तथा ठेगानामा ७ दिन भित्र राय सुझाव उपलब्ध गराईदिनको लागि सवै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै विधेयकको मस्यौदा यसै पत्र साथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

तपशिल

ईमेलःlfdd@moald.gov.np

ठेगाना

पशुपन्छी तथा मत्स्य विकास महाशाखा , कृषि वन तथा पर्यावरण मन्त्रालय।

डा. पार्वती देवी शर्मा
पशु विकास अधिकृत

सादर अवगतार्थ

श्रीमान् सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार ।
मा. मन्त्रिज्यूको सचिवालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार ।

# पशु सेवा र पशु कल्याण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८३

प्रस्तावनाः मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई समृद्ध तुल्याउन, खाद्य सुरक्षा तथा खाद्य स्वच्छता सुनिश्चित गर्न, पशु सेवाको नियमन गर्न, पशु वस्तुको स्वस्थ उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारीको नियमन गर्न र पशु कल्याणलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "पशु सेवा र पशु कल्याण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले विभागको प्रमुख, कार्यालय प्रमुख, प्रमुख क्वारेन्टाइन अधिकृत, क्वारेन्टाइन अधिकृत र भेटेरिनरी अधिकृतलाई सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले विभाग मातहतका पशुवस्तु सम्वन्धि कार्यक्षेत्र हेर्ने कार्यालय तथा प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु सेवासँग सम्बन्धित निकाय सम्झनु पर्छ।

(ग) **"कार्यालय प्रमुख"** भन्नाले खण्ड (ख) बमोजिमको कार्यालयको प्रमुख सम्झनु पर्छ।

(घ) **"क्वारेन्टाइन चेकपोष्ट"** भन्नाले नेपाल सरकारले यस ऐनको दफा १५ बमोजिम स्थापना गरेको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्छ।

(ङ) **"क्वारेन्टाइन"** भन्नाले कुनै पशु वस्तुमा कुनै रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु वस्तुलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टाछुट्टै राख्ने काम सम्झनु पर्छ।

(च) **"क्वारेन्टाइन अधिकृत"** भन्नाले यस ऐनको दफा १८ बमोजिम नियुक्त गरिएका क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ।

(छ) **"क्वारेन्टाइन स्थल"** भन्नाले पशु वस्तुलाई परीक्षणको लागि क्वारेन्टाइनमा राखिने ठाउँ वा स्थान सम्झनु पर्छ।

(ज) **"प्रजनन् केन्द्र"** भन्नाले राष्ट्रिय पशु प्रजनन् कार्यालयहरू र पशु प्रजनन् कार्यलाई व्यवस्थित गर्न नेपाल सरकारले स्थापना गरेको निकायलाई सम्झनु पर्छ।

(झ) **"तोकेको वा तोकिएको/तोकिएका वा तोके/तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिकामा तोकेको सम्झनुपर्दछ ।

(ञ) **"भेटेरिनरी निरीक्षक"** भन्नाले यस ऐनको दफा १२ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ट) **"नस्लको शुद्धता"** भन्नाले प्रजनन् प्रयोजनको लागि निर्धारण वा प्रमाणीकरण गरिएको शुद्धताको प्रतिशत सम्झनु पर्छ।

(ठ) **"पशु पहिचान"** भन्नाले पशुधनीसँग भएका पशुको पहिचान सहितको अभिलेखीकरण सम्झनु पर्छ। उक्त शब्दले पशुको सङ्ख्यामा भएको थपघट वा घटना वा तिनका गतिविधिको अभिलेख अद्यावधिक राख्ने कार्यलाई समेत जनाउँछ।

(ड) **"पशु चिकित्सक"** भन्नाले नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक सम्झनु पर्छ।

स्पष्टीकरणः १. "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनु पर्छ र सो शब्दले पन्छी तथा जलचरलाई समेत जनाउँदछ।

२. "पशुजन्य पदार्थ" भन्नाले पशुबाट उत्पत्ति हुने जुनसुकै प्रकारको अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित वस्तु सम्झनु पर्छ।

३. "पशु उत्पादन सामग्री" भन्नाले प्रशोधित वा अप्रशोधित जैविक पदार्थ, पशु औषधी, हर्मोन, पशु आहारा र पशु स्वास्थ्य, पशु प्रजनन् तथा पशु उत्पादनमा प्रयोग हुने सामग्री, मेसिनरी, औजार र यन्त्र उपकरणहरू समेत सम्झनु पर्छ; सो शब्दले पशु उत्पादन सामग्रीको उत्पादनका लागि आवश्यक कच्चा पदार्थलाई समेत जनाउँदछ।

(ण) "पशु आहारा" भन्नाले घाँस, हे तथा पराल, दाना, दाना आहारापुरक, साईलेज, टोटल मिक्स रासन, लगायत पशुलाई खुवाउने औषधी बाहेकका खाने वा पिउने जुनसुकै वस्तु सम्झनु पर्छ।

(त) "पशु औषधी" भन्नाले कुनै पनि पशु रोगको निदान वा उपचार वा नियन्त्रण गर्न वा साम्य गर्न वा पशुको शारिरिक बनावटलाई वा प्रक्रियालाई असर गर्ने एलोपेथिक वा आयुर्वेदिक वा होमिप्याथिक वा युनानी प्रणाली अन्तर्गत प्रयोग हुने पदार्थ वा त्यस्तो पदार्थको मिश्रणबाट बन्ने बनावट सम्झनु पर्छ, सो शब्दले जैविक पदार्थलाई समेत जनाउदछ।

(थ) **पशुजन्य उद्योग व्यवसाय भन्नाले** भन्नाले भेटेरिनरी अस्पताल तथा क्लिनिक, भेटेरिनरी प्रयोगशाला, केनल क्लब, पशु आहारा तथा उपकरण सम्बन्धी व्यवसाय, भेटेरिनरी औषधी पसल, पशु आहारा उद्योग, पशु खोप तथा जैविक पदार्थ सम्बन्धी उद्योग, ह्याचरी, व्यावसायिक पशुपालन फार्म, दाना आहारा पूरक उद्योग, दाना योगशील उद्योग, डिस्इन्फेक्टेन्ट तथा वाटर स्यानिटाइजर उद्योग, बोन मिल उद्योग, छाला उद्योग, दुग्ध उद्योग, कृत्रिम गर्भाधान केन्द्र, पशु प्रजनन केन्द्र, मत्स्यजन्य उद्योग व्यवसाय, पशुपन्छी वजार र अन्य पशुजन्य उत्पादन सामग्री उद्योग तथा व्यवसाय सम्झनु पर्छ।

(द) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको पशु सेवासँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(ध) "प्रयोगशाला" भन्नाले पशु रोग अन्वेषण तथा निदान, जैविक पदार्थको उत्पादन, भेटेरिनरी गुणस्तर, पशु प्रजनन, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको अनुसन्धान, गुणस्तर परीक्षण तथा नियमन सम्बन्धी काम गर्ने प्रयोगशाला सम्झनु पर्छ।

(न) "विभाग" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्छ ।

(ऩ) "पशु सेवा" भन्नाले पशु स्वास्थ्य, भेटेरिनरी जनस्वास्थ्य, वन्यजन्तु स्वास्थ्य, पशु क्वारेन्टाइन, पशु कल्याण, पशु आहारा, पशु प्रजनन् र पशु व्यवस्थापन सम्बन्धी सम्पूर्ण सेवालाई सम्झनु पर्छ। यस शव्दले भेटेरीनरी सेवा समेतलाई जनाउछ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## गुणस्तर निर्धारण तथा नियमन सम्बन्धी व्यवस्था

३ .**गुणस्तर निर्धारण गर्नेः** (१) मन्त्रालयले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशु वस्तु, पशुजन्य उद्योग व्यवसाय र पशु सेवाको गुणस्तर निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको गुणस्तर कायम गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) विभागले उपदफा (१) वमोजिमको गुणस्तर निर्धारण गर्ने प्रयोजनका लागि तोकिए बमोजिमका प्राविधिक समिति गठन गर्न सक्नेछ

२. **गुणस्तर नियमन गर्ने:** (१) विभागले पशु वस्तु र पशुजन्य उद्योग व्यवसायको गुणस्तर नियमन गर्ने गराउनेछ।

(२) प्रदेश सरकारले आफ्नो प्रदेशभित्र र स्थानीय तहले आफ्नो क्षेत्रभित्र पशु वस्तु र पशुजन्य उद्योग व्यवसायको गुणस्तरको नियमन गर्ने गराउनेछ।

५. **आकस्मिक निरीक्षण गर्न सक्ने:** (१) अधिकार प्राप्त अधिकारीले आफ्नो काम, कर्तव्य र अधिकार बमोजिम कुनै पनि पशुवस्तु वा पशुजन्य उद्योग व्यवसायको आकस्मिक निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण गर्ने अधिकारीले त्यस्तो निरीक्षण पछि उपयुक्त माध्यमबाट चौबिस घण्टाभित्र विभाग र कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

६. **नमुना सङ्कलन तथा परीक्षण गर्न सक्ने:** (१) विभाग वा कार्यालयले बजारमा बिक्री वितरणमा रहेका पशु वस्तुको गुणस्तरको जानकारी लिन अनुगमन, निरीक्षण, जाँचबुझ गर्दा कुनै पशु वस्तु निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा पशु उपभोगको लागि असुरक्षित वा दूषित रहेको शङ्का लागेमा परिक्षणको लागि त्यस्तो पशु वस्तुको नमूना सङ्कलन गरी परिक्षणका लागी प्रयोगशालामा पठाउनुपर्नेछ ।

(२) प्रयोगशालाले उपदफा (१) बमोजिम प्राप्त नमूना परीक्षण गरी सो को प्रतिवेदन विभाग वा कार्यालयमा पठाउनुपर्नेछ ।

७. **झुक्याई पशु वस्तु बिक्री वितरण गर्न नहुने:** कुनै पनि व्यक्तिले ढाँटी वा झुक्याई पशु वस्तुको उत्पादन, प्रशोधन, निकासी, पैठारी, भण्डारण, ढुवानी वा बिक्री वितरण गर्न वा गराउन हुँदैन।

८. **न्यून गुणस्तरको पशु वस्तु उत्पादन, बिक्री वितरण गर्न नहुने:** दफा (३) बमोजिम तोकेको गुणस्तर भन्दा कम हुने गरी पशु वस्तुको उत्पादन, प्रशोधन, निकासी, पैठारी, भण्डारण, ढुवानी वा बिक्री गर्न वा गराउन हुँदैन।

९. **पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा लेबलिङ्ग गर्नुपर्ने:** (१) पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा लेबल नलगाई बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

(२) पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको लेबलिङ्ग तथा प्याकेजिङ्ग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **बिक्री वितरणमा रोक लगाउन सक्ने:** (१) यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्ड प्रतिकूलको पशु वस्तु बिक्री वितरण गरेको शङ्का गर्ने मनासिव आधार भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो पशु वस्तुको नमुना लिई बिक्री वितरणमा रोक लगाउन वा वजारवाट फिर्ता गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश दिंदा त्यस्तो पशु वस्तु तत्काल सडीगली जाने वा नष्ट हुने प्रकृतिको भए बिक्रीबाट हटाउन र सो बाहेक अन्य प्रकृतिको भए सिलबन्दी गरी सम्बन्धित व्यवसायीलाई जिम्मा लगाई त्यसको भरपाई लिई सोको बिक्री वितरणमा रोक लगाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाइएको पशु वस्तुको नमूनाको परीक्षण प्रतिवेदन यथाशीघ्र प्राप्त भइसक्ने गरी परीक्षण गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा त्यस्तो पशु वस्तु यस ऐन बमोजिम गुणस्तरीय देखिएमा परीक्षणको प्रतिवेदन प्राप्त भएको चौबिस घण्टाभित्र सिलबन्दी र रोक्का फुकुवा गर्ने आदेश गरी सोको जानकारी सम्बन्धित व्यवसायीलाई दिनुपर्नेछ।

१०.**नष्ट गर्न सक्ने:** (१) कुनै पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको निर्धारित गुणस्तरभन्दा न्यूनस्तरको रहेको देखिएमा अनुगमन, निरीक्षण वा जाँचबुझ गर्न अधिकार प्राप्त अधिकारीले त्यस्तो पशु वस्तु स्थानीय तह वा स्थानीय प्रशासन वा सुरक्षा निकायको प्रतिनिधिको रोहवरमा जफत गरी नष्ट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पशु वस्तु जफत तथा नष्ट गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम पशु वस्तुको जफत गरी नष्ट गरेको वा क्वारेन्टाइनमा राख्दा लागेको खर्च सम्बन्धित व्यवसायीले व्यहोर्नुपर्नेछ।

१२. **भेटेरिनरी निरीक्षक तोक्ने:** (१) मन्त्रालय वा प्रदेश सरकारले निजामती सेवाका कुनै पनि दर्तावाल पशु चिकित्सकलाई यस ऐन बमोजिम निर्धारण गरेको पशु वस्तु वा पशुजन्य उद्योग व्यवसाय मापदण्ड अनुसार कार्य भए नभएको जाँच गर्न आवश्यक स्थानमा भेटेरिनरी निरीक्षक तोक्न सक्नेछ।

तर, यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि पशु विज्ञान वा मत्स्य विज्ञान विषयमा कम्तिमा स्नातकोपाधि प्राप्त निजामति सेवाका अधिकृतस्तरको कर्मचारिलाई सम्वन्धित विषयको पशुजन्य उद्योग व्यवसायको मापदण्ड अनुसारको कार्य भए नभएको जाँच गर्न आवश्यक स्थानमा पशु आहारा निरिक्षक, पशु प्रजनन् निरिक्षक तथा मत्स्य निरिक्षक तोक्न वाधा पुग्ने छैन ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने भेटेरिनरी निरिक्षकहरूको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ।

१३. **आदेश दिन सक्ने:** (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै पशुजन्य उद्योग व्यवसायी वा सेवाप्रदायकले ऐन वा यस ऐन अन्तर्गत बनेको प्रत्यायोजित विधायन बमोजिम पूरा गर्नुपर्ने कार्य पूरा गरेको नपाइएमा त्यस्तो कार्य पूरा गर्ने व्यवस्था गर्न त्यसरी अनुगमन, निरीक्षण, जाँचबुझ र आकस्मिक निरीक्षणमा जाने अधिकारीले निश्चित अवधि तोकी सम्बन्धित पशुजन्य उद्योग व्यवसायी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेशको पालना गर्नु सम्बन्धित व्यवसायी वा सेवा प्रदायकको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम आदेश दिइएकोमा सोको व्यहोरा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले विभाग वा कार्यालयमा पेश गर्ने प्रतिवेदनमा समेत खुलाउनुपर्नेछ।

१४. **जाँचबुझ गर्ने:** (१) कसैले पशु वस्तु र पशु सेवाको तोकिएको गुणस्तर वा मापदण्ड विपरीत हुने गरी कुनै कार्य गरेको कारणबाट सर्वसाधारणमा क्षति पुगेको वा पुग्न सक्ने अवस्थामा अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा कारबाही अघि बढाउनु पर्ने देखिएमा सो प्रतिवेदन संलग्न गरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ।

## परिच्छेद-३

## क्वारेन्टाइन सम्बन्धी व्यवस्था

१५. <u>क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टको स्थापना</u> : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै पनि क्षेत्रमा क्वारेन्टाइन कार्यालय वा स्थायी वा अस्थायी प्रकृतिको सीमा वा आन्तरिक क्वारेन्टाइन चेकपोष्ट स्थापना वा स्थानान्तरण गर्नेछ।

१६. <u>क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने:</u> (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा १५ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नुपर्ने शर्त तथा अपनाउनुपर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ।

१७. <u>विश्रामस्थल सम्बन्धी व्यवस्था:</u> (१) विभागले देशभित्र उत्पादन भएका वा क्वारेन्टाइन जाँचपास भई ढुवानी हुने पशुका लागि विश्रामस्थल निर्माण तथा सञ्चालन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी वा गैरसरकारी क्षेत्रलाई समेत विश्रामस्थल निर्माण तथा सञ्चालन गर्न विभागले अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विश्रामस्थल निर्माण तथा सञ्चालनको मापदण्ड विभागले तयार गरी लागू गर्न सक्नेछ।

१८. <u>क्वारेन्टाइन अधिकृतको नियुक्ति:</u> (१) नेपाल सरकारले पशु क्वारेन्टाइन कार्यालय र चेकपोष्टको प्रमुखको रूपमा काम गर्ने गरी निजामती सेवामा कार्यरत दर्तावाल पशु चिकित्सकलाई क्वारेन्टाइन अधिकृत नियुक्ति गर्नेछ।

(२) विभागको क्वारेन्टाइन हेर्ने जिम्मेवारी प्राप्त राजपत्राङ्कित प्रथम श्रेणीको दर्तावाल पशु चिकित्सक कर्मचारीले प्रमुख क्वारेन्टाईन अधिकृतका रुपमा उपदफा १ बमोजिम नियुक्त गरिएका क्वारेन्टाईन अधिकृतहरुलाई सुपरिवेक्षण तथा समन्वयको कार्य गर्नेछ ।

१९. <u>क्वारेन्टाइनमा राख्नु पर्ने:</u> (१) पैठारीकर्ताले पैठारी गरेका पशु वस्तुलाई परीक्षणको लागि तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र सुरक्षाको व्यवस्था सम्बन्धित पैठारीकर्ताले गर्नुपर्नेछ।

(३) क्वारेन्टाइनमा राखिएको पशु परीक्षण अवधिभित्रै मरेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी नष्ट गर्न पैठारीकर्तालाई आदेश दिनेछ।

(४) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएको पशु मरेमा पैठारीकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

(५) विभागले क्वारेन्टाइनमा राखिएको पशु वस्तु परीक्षण गर्ने कार्यविधि तयार गरी लागू गर्नेछ।

२०. <u>प्रमाणपत्र दिनु पर्ने:</u> क्वारेन्टाइन अधिकृतले पशु वस्तुलाई क्वारेन्टाइनमा राखी जाँच गरेपछि निकासी वा पैठारी प्रयोजनका लागि तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र वा अन्तर्राष्ट्रिय पशु स्वास्थ्य वा स्वच्छताको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

२१. <u>क्वारेन्टाइन चेकपोष्टको बाटो भएर पैठारी गर्नु पर्ने:</u> पैठारीकर्ताले पशु वस्तु पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र गर्नुपर्नेछ।

२२. <u>प्रवेश गर्न रोक लगाउन सक्ने:</u> देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका वा गरिने पशु वस्तुको प्रवेशमा रोक लगाउन सक्नेछ:-

(क) पैठारी गरिएका पशु वस्तु जुन ठाउँबाट ल्याइएको हो सो ठाउँमा सङ्क्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,

(ख) पैठारीकर्ताले पैठारी गर्ने पशु वस्तुमा तोकिए बमोजिम सङ्क्रामक रोग नभएको प्रमाणपत्र र स्वस्थता (स्यानिटरी) सम्बन्धी प्रमाणपत्र वा गुणस्तर खुल्ने प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध गराएको भए तापनि केही पशुहरू सङ्क्रामक रोग लागेर मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशु वस्तु ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधन सम्बन्धित मुलुकको आधिकारिक निकायबाट जारी भएको निःसङ्क्रमण गरेको प्रमाणपत्र नभएमा।

२३. आदेश दिन सक्ने: (१) क्वारेन्टाइन अधिकृतले दफा १४ बमोजिम प्रवेश गर्न रोक लगाइएको पशु वस्तु जुन मुलुकबाट ल्याइएको हो सो मुलुकमा फिर्ता लैजान आदेश दिन सक्नेछ।

(२) पैठारी गरिएका पशु वस्तु त्यसै राखी छोड्दा वा सम्बन्धित मुलुकमा फिर्ता पठाउँदा सङ्क्रामक रोग फैलन सक्ने सम्भावना देखिएमा क्वारेन्टाइन अधिकृतले पैठारीकर्तालाई त्यस्तो पशु वस्तुलाई हटाई वा नष्ट गरी उपयुक्त तरीकाले निःसङ्क्रमण गर्न आदेश दिन सक्नेछ।

२४. लिलाम गर्न सकिने: (१) क्वारेन्टाइन स्थलमा राखिएको पशु वस्तु तोकिएको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले फिर्ता नलगेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु वस्तु जफत गरी लिलाम गर्न सक्नेछ। लिलाम गर्ने अवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको पशु वस्तु लिलाम गर्न उपयुक्त नदेखिएमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु वस्तु नष्ट गर्न आदेश दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम जफत गरिएको पशु वस्तु लिलाम गर्दा कसैले नसकारेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु वस्तु नष्ट गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा लेखिए देखि बाहेक दफा २२ र २३ को उल्लंघन गरी पशु वस्तु देशभित्र ढुवानी गरिएमा ढुवानी गरिएको सवारीसाधन जफत गरी लिलाम गर्न सकिनेछ।

(५) क्वारेन्टाइनको बाटो छली पैठारी हुने क्रममा सुरक्षाकर्मीद्वारा बरामद गरी आवश्यक कारबाहीका लागि क्वारेन्टाइन चेकपोष्टमा प्राप्त पशु वस्तु तथा पशु ढुवानीको साधन समेतमा सङ्क्रामक रोगको जोखिम नदेखिएमा लिलाम गर्न सकिने छ।

(६) उपदफा (५) बमोजिम लिलाम गर्दा कबोल अङ्कको दश प्रतिशत रकम सम्बन्धित सुरक्षा निकाय मार्फत सम्बन्धित सुरक्षाकर्मीलाई उपलब्ध गराउनु पर्नेछ।

२५. हटाउने वा नष्ट गर्ने: (१) दफा २३ बमोजिम हटाउने वा नष्ट गर्ने आदेश पश्चात सम्बन्धित पैठारीकर्ताले त्यस्तो पशु वस्तु हटाउन वा नष्ट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पैठारीकर्ताले पशु वस्तु नहटाएमा वा नष्ट नगरेमा क्वारेन्टाइन अधिकृत आफैले त्यस्तो पशु वस्तु हटाउन वा नष्ट गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पशु वस्तु हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च पैठारीकर्ताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) विभागले पशु वस्तुलाई हटाउने वा नष्ट गर्ने कार्यविधि बनाउन सक्नेछ।

## परिच्छेद-४

## निकासी, पैठारी तथा विक्री-वितरण सम्बन्धी व्यवस्था

२६. पशु उत्पादन सामग्रीको सूचीकरण हुनुपर्ने: (१) नेपालमा पैठारी गरी बिक्री-वितरण गर्न चाहने पशु उत्पादन सामग्रीको पैठारिकर्ताले विभागमा सूचीकरण गर्नुपर्नेछ।

(२) विभागले उपदफा (१) बमोजिम सूचीकृत पशु उत्पादन सामग्रीको हरेक दुई वर्षमा नवीकरण गर्नुपर्नेछ।

(३) सूचिकरण तथा नविकरण सम्वन्धि अन्य व्यवस्था विभागले तोके वमोजिम हुनेछ ।

२७. <u>निकासी वा पैठारी गर्न अनुमतिपत्र लिनुपर्ने:</u> (१) पशु वस्तु निकासी वा पैठारी गर्नुअघि विभागबाट अनुमतिपत्र लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्रका लागि तोकिएको कागजात र दस्तुर सहित विभागमा निवेदन दिनुपर्नेछ।

(३) विभागले उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा उपयुक्त ठहरेमा अनुमतिपत्र दिनुपर्नेछ।

(४) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखेको भए तापनि गैरव्यावसायिक प्रयोजनका लागि निकासी वा पैठारी गरिने प्रचलित कानूनले वर्जित गरेका बाहेकका तोकिएका कम्प्यानियन एनिमलको हकमा सम्बन्धित पशु क्वारेन्टाइन कार्यालयलाई ७२ घण्टा अगावै जानकारी गराई अनुमति प्राप्त भएमा पैठारी गर्न बाधा पर्ने छैन।

(५) पशुमा महामारी तथा प्राकृतिक प्रकोप फैलिई तत्कालको लागि पशु उत्पादन सामग्री पैठारी गर्नुपर्ने अवस्थामा विभागमा दर्ता नभएका तर विश्व पशु स्वास्थ्य संगठनले सिफारिस गरेका पशु उत्पादन सामग्रीलाई विभागले पैठारी अनुमति दिन सक्नेछ।

(६) निकासीकर्ता वा पैठारीकर्ताले पशु वस्तु निकासी वा पैठारी गर्दा पालन गर्नुपर्ने शर्त तोकिए बमोजिम हुनेछ।

(७) निकासी वा पैठारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. <u>निकासी वा पैठारीमा प्रतिबन्ध:</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सङ्क्रामक पशु रोग भएको प्रमाणित भएका देशबाट पशु वस्तु तथा रोग सार्न सक्ने अन्य वस्तु र आनुवंशिक स्रोत संरक्षणमा सारभुत असर पार्न सक्ने पशु वस्तुको निकासी वा पैठारीमा प्रतिबन्ध लगाउन सक्नेछ।

२९. <u>बिक्री-वितरण गर्न अनुमति लिनुपर्ने:</u> (१) विभागले तोकेका पशु वस्तुहरूको बिक्री-वितरणका लागि पशुजन्य उद्योग व्यवसाय स्थापना वा सञ्चालन अनुमति प्रदान गर्ने निकायबाट विक्रिवितरण अनुमति लिनुपर्नेछ।

(२) भेटेरिनरी औषधी तथा जैविक पदार्थको विक्रि वितरण गर्ने व्यक्तिको योग्यता तथा तालिम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) बिक्री-वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश कानून नबनेसम्म पशु वस्तुको बिक्री-वितरण अनुमति विभाग वा विभागले तोकेको निकायले दिनेछ।

३०. <u>पशु वस्तु फिर्ता गर्नुपर्ने:</u> (१) पैठारी गरी बिक्री वितरणका लागि बजारमा आईसकेको पशु वस्तु अनुमती प्राप्त गर्दा उल्लेख गरीय वमोजिम गुणस्तर नभएको पाइएमा पैठारी गर्ने व्यक्ति वा निजको आधिकारिक प्रतिनिधिले त्यस्तो पशु वस्तुको बिक्री वितरण गर्ने व्यक्तिबाट तत्काल फिर्ता लिई विभागलाई जानकारी गराउनुपर्नेछ।

(२) पशु वस्तु फिर्ता गर्नुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

३१. <u>जोखिम विश्लेषण सम्बन्धी व्यवस्था:</u> (१) पशु वस्तुको पैठारी अनुमति दिनु पूर्व विभागले आवश्यकता अनुसार समिति गठन गरी जोखिम विश्लेषण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न विभागले प्राविधिक समिति बनाउन सक्नेछ।

(३) जोखिम विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## पशुजन्य उद्योग व्यवसाय सम्बन्धी व्यवस्था

**३२.स्थापनाका लागि सिफारिस पत्र सम्बन्धी व्यवस्थाः** (१) निकासी पैठारी र अन्तरप्रदेश कारोबार गर्ने पशुजन्य उद्योग व्यवसाय स्थापना गर्न चाहने व्यक्तिले त्यस्तो उद्योग व्यवसाय दर्ता गर्नु अघि विभागबाट सिफारिस पत्र लिनुपर्नेछ।

(२) पशुजन्य उद्योग व्यवसायको स्थापनाको लागि न्युनतम मापदण्ड विभागले तोके वमोजिम हुनेछ ।

(३) उपदफा (१) बाहेकका प्रदेश कानून बमोजिम स्थापना हुने उद्योग व्यवसायको हकमा दर्ता गर्नु अघि प्रदेश सरकारले तोकेको निकायबाट सिफारिस पत्र लिनुपर्नेछ।

**३३. सञ्चालन अनुमति सम्बन्धी व्यवस्थाः** (१) दफा ३२ को उपदफा (१) बमोजिम सिफारिस लिई विभागले तोकेको मापदण्ड पूरा गरी स्थापना भएका पशुजन्य उद्योग व्यवसायले विभागबाट सञ्चालन अनुमति लिनुपर्ने छ।

(२) उपदफा (१) बाहेकका पशुजन्य उद्योग व्यवसायको हकमा प्रदेश कानून बमोजिम हुनेछ।

(३) सञ्चालन अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. <u>मान्य अवधि र नवीकरणः</u> (१) दफा ३२ र ३३ बमोजिमको सिफारिस तथा अनुमतिको मान्य अवधि त्यस्तो सिफारिस तथा अनुमति जारी भएको मितिले तीन वर्षको हुनेछ र प्रत्येक दुई वर्षमा अनुमति नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पशुजन्य उद्योग व्यवसायको नवीकरणका लागि विभागले तोकेको मापदण्ड कायम भएको हुनुपर्नेछ।

३५. <u>सञ्चालन अनुमति निलम्बन र फुकुवाः</u> (१) देहायको अवस्थामा विभाग वा अनुमति प्रदान गर्ने निकायले यो ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र देहाय बमोजिमको अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछः-

(क) ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा मापदण्ड बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा गुणस्तर कायम गर्न र मापदण्ड पालना गर्नको लागि आदेश दिएकोमा सो आदेश बमोजिमको अवधिभित्र पनि त्यस्तो आदेशको पालना नगरेसम्मको लागि, वा

(ख) ऐन वा यस ऐन अन्तर्गतका नियम र मापदण्ड बमोजिम कायम गर्नुपर्ने न्यूनतम गुणस्तर कायम नगरेको पाइएमा त्यस्तो स्तर कायम नगरेसम्मको लागि।

(२) उपदफा (१) बमोजिम विभाग वा अधिकार प्राप्त अधिकारीले निलम्बनको आदेश दिंदा आवश्यक सुधारको विषय उल्लेख गरी तीस दिनको समय दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निलम्बनको आदेश अनुसार तोकिएको समयमा सुधार नगरेमा विभाग वा सम्बन्धित निकायले उपदफा (१) बमोजिम अनुमतिपत्र निलम्बन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको निलम्बनको निर्णय गर्नु अघि सम्बन्धित पशुजन्य उद्योग व्यवसायलाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्नेछ।

(५) उपदफा (१) बमोजिम निलम्बन भएकोमा त्यस्तो अवधिभर व्यवसायीले अनुमतिपत्र बमोजिमको व्यवसाय गर्न पाउने छैन।

(६) उपदफा (१) बमोजिम निलम्बन भएको व्यवसायीले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली तथा मापदण्ड बमोजिम कायम गर्नुपर्ने गुणस्तर सम्बन्धी न्यूनतम व्यवस्था कायम गरी अनुमतिपत्र निलम्बन फुकुवाको लागि अनुमतिपत्र जारी गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ।

(७) उपदफा (६) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने निकायले आवश्यक निरीक्षण तथा जाँचबुझ गर्दा निवेदकले यस ऐन बमोजिम कायम गर्नुपर्ने गुणस्तरको न्यूनतम व्यवस्था कायम गरेको पाइएमा निजको अनुमतिपत्र निलम्बन फुकुवा गर्नेछ ।

३६. **अनुमतिपत्र खारेज गर्न सक्ने:** देहायको अवस्थामा अनुमतिपत्र जारी गर्ने निकायले सम्बन्धित उद्योग व्यवसायको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा,

(ख) उद्योग व्यवसायको दर्ता प्रचलित कानून बमोजिम कायम नरहेमा वा खारेज भएमा,

(ग) दफा ३५ बमोजिम निलम्बन भएकोमा सोही दफा बमोजिम प्रदान गरेको अवधिभित्र यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली तथा मापदण्ड बमोजिम कायम गर्नुपर्ने गुणस्तर सम्बन्धी न्यूनतम व्यवस्था कायम नगरेमा वा

(घ) झुट्टा कागजात पेस गरी अनुमतिपत्र प्राप्त गरेमा वा नवीकरण गराएमा।

## परिच्छेद-६

## पशु प्रजनन् तथा नस्ल सुधार सम्बन्धी व्यवस्था

३७. **पशुको नस्ल दर्ता गर्नुपर्ने:** (१) रैथाने, स्थानीय तथा विदेशबाट आयात गरिएका पशु नस्ल दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पशु नस्ल दर्ता गर्दा रैथाने तथा स्थानीय नस्लका पशुको हकमा विभागले तोकिए बमोजिमका प्रक्रिया पूरा गरेको सिफारिसको आधारमा मन्त्रालयले सूचीकरण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ।

(३) विदेशबाट आयात हुने वा देश भित्र रहेका विभिन्न पशु नस्लको प्रजनन् गरी विकास गरिएका पशु नस्ल समेत दर्ता गर्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम दर्ता प्रक्रियाको सिफारिसका लागि तोकिए बमोजिमको प्राविधिक सिफारिस समिति रहनेछ।

३८. **पशुको नस्लको शुद्धता सम्बन्धी व्यवस्था:** (१) व्यावसायीक स्तरमा प्रजनन् प्रयोजनका लागि प्रयोग हुने पशुको नस्लको शुद्धता कायम भएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको नस्लको शुद्धता पहिचान गर्न विभागले प्राविधिक मापदण्ड तयार गरी लागू गर्नेछ।

(३) व्यावसायिक प्रयोजनका लागि पशुको स्रोत केन्द्र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिमको मापदण्ड पालना गरेमा प्रदेशको सम्बन्धित कार्यालयले स्रोत केन्द्रको रूपमा सूचीकरण गर्न सक्नेछ।

(४) पशु नस्लको शुद्धता र सूचीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **कृत्रिम गर्भाधानकर्ताको दर्ता र नियमन:** (१) प्रचलित कानून बमोजिम योग्यता पुगी सम्बन्धित परिषद्‌मा दर्ता भएका व्यक्तिले मात्र कृत्रिम गर्भाधान सेवा प्रदान गर्नेछन्।

(२) उपदफा (१) बमोजिमको दर्ता सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) कृत्रिम गर्भाधान दर्ता र नियमन सम्बन्धि मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(४) कृत्रिम गर्भाधानकर्ताले प्रदान गरेको सेवाको विवरण विभागले निर्धारण गरेको सूचना प्रणालीमा प्रविष्ट गरी अभिलेख राख्नुपर्नेछ ।

४०. पशु आनुवंशिक स्रोत संरक्षण सम्बन्धमाः (१) नेपालमा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरूको नस्ल सुधार गर्ने दृष्टिले नेपालको कुनै क्षेत्रमा तोकेको जातको भाले जातको पशु बाहेक अन्य भाले जातको पशु खसी पारी राख्नु पर्ने र तोकेका बाहेक अन्य नस्ल प्रयोग गरी कृत्रिम गर्भाधान गर्न प्रतिवन्ध लगाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागू गर्न सक्नेछ।

तर परम्परादेखि चलिआएको पूजाआजा वा धार्मिक अनुष्ठानका लागि नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएमा त्यस्तो पशुलाई गर्भाधान गराउन नसक्ने गरी अलगै राख्न उपदफा (१) मा लेखिएको कुराले बाधा पुगेको मानिने छैन।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशु पालेको पाइएमा सम्बन्धित कार्यालय प्रमुखले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ।

४१. भ्रुण प्रत्यारोपण सम्बन्धी व्यवस्थाः (१) पशुमा भ्रुण प्रत्यारोपणबाट प्रजनन गर्न सकिनेछ।

(२) भ्रुण प्रत्यारोपण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७
## पशु कल्याण र पशु ढुवानी सम्वन्धि व्यवस्था

४२. पशुप्रति निर्दयी (क्रुर र अमानवीय) व्यवहार भएको ठहरिनेः (१) कसैले पनि कुनै पशु उपर निर्दयी व्यवहार गर्नु हुँदैन।

(२) देहाय बमोजिमका कार्य गरे, गराएमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछः -

(क) पशुलाई आहारा तथा पानीको व्यवस्था नगरेमा, नवजात पशुलाई मार्ने नियतले सुकेनास गराउने, भोकै राख्ने, अजिर्ण बनाउने,

(ख) पशुलाई अमानवीय व्यवहार गरेमा, तोकिएको समयभन्दा धेरै काम गराउने गरेमा, विरामी पशुलाई काममा लगाएमा,

(ग) आफ्नो स्वामित्वको पशुलाई अर्काको घर, जग्गा वा सार्वजनिक बाटोघाटो वा सार्वजनिक स्थलमा छाडा वा बेवारिस छाडेमा,

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा पशुप्रति निर्दयी व्यवहार भएको मानिने छैन।

(क) पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले विज्ञान सम्मत तरिकाले स्वास्थ्य परीक्षण गर्न, शल्यचिकित्सा वा उपचार गर्न, अनुसन्धान गर्न वा अन्य कार्य गर्न।

(ख) पशु चिकित्सकले कुनै पशुको कारण पशु स्वास्थ्य, जनस्वास्थ्य र जनसुरक्षा मा खतरा हुने वा विभिन्न रोगका कारण पशुलाई नियन्त्रणमा लिनै पर्ने वा उपचार नहुने रोग लागेको भनी पशु नियन्त्रण गर्न वा करुणा मृत्युको लागि सिफारिस गरेमा,

(ग) सही नियत र आशयमा पशुलाई प्रदर्शन वा प्रशिक्षण गर्न।

(घ) नेपाल सरकारले स्वीकृति दिएको चिडियाखाना वा प्राणी उद्यान केन्द्र, पशु संरक्षण संस्था आदिमा पशु राख्न वा प्रयोग गर्न।

४३. <u>पशु आश्रयस्थलको स्थापना, सञ्चालन र व्यवस्थापन</u>: (१) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका निवृत्त भएका, घाइते, बिरामी र सामुदायिक पशुको व्यवस्थापन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका पशुको व्यवस्थापनका लागि स्थानीय तहले आवश्यकता अनुसार पशु आश्रयस्थल, गौशाला, संरक्षण केन्द्र र काञ्जी हाउसको स्थापना र सञ्चालन गर्न वा गराउन सक्नेछन्।

(३) उपदफा (१) र (२) बमोजिमको पशु आश्रयस्थल निर्माण तथा सञ्चालनका लागि स्थानीय तहले गैर नाफामूलक गैर सरकारी संस्थासँग साझेदारी गर्न वा त्यस्तो संस्थालाई व्यवस्थापन तथा सञ्चालन कार्यको जिम्मेवारी दिन सक्नेछ।

(४) गैर सरकारी, निजी वा सहकारी संस्थाले सम्बन्धित स्थानीय तहबाट अनुमति लिई पशु आश्रयस्थलको स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(५) पशुधनीले निवृत्त पशुलाई पशु आश्रयस्थलमा पालनपोषणको जिम्मा दिन सक्नेछन्।

(६) पशु आश्रयस्थल, गौशाला, संरक्षण केन्द्र र काञ्जी हाउस र दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. <u>करुणा मृत्युको व्यवस्था</u>: (१) पशुको उपचार गर्न सम्भव नहुने रोग र अवस्था पुष्टि भएमा वा अन्य कारणले अङ्गभङ्ग भई पीडाग्रस्त अवस्था भएमा वा उक्त विरामी पशुबाट जनस्वास्थ्य र पशु स्वास्थ्यमा गम्भीर समस्या सृजना हुने भनी दर्तावाल पशु चिकित्सकले त्यस्तो पीडा वा खतराबाट मुक्त गर्न आवश्यक देखि सिफारिस गरेमा पशु धनीको सहमतिमा दर्तावाल पशु चिकित्सकले तोकिएको विधि र कारण तोकी करुणा मृत्यु दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम करुणा मृत्युको व्यवस्था तोकिए बमोजिम हुने छ।

(३) उपदफा (२) बमोजिम गरिएको करुणा मृत्यु गर्नुको कारण र प्रयोग गरिएको विधि सहितको अभिलेख राखि सो सम्वन्धि विवरण नेपाल पशु चिकित्सा परिषद्मा पेश गर्नु सम्बन्धित पशु चिकित्सकको कर्तव्य हुनेछ।

४५. <u>पशु कल्याण सम्बन्धि अन्य व्यवस्था</u>:

(१) नेपाल सरकारले पशु प्रति हुने निर्दयी व्यवहार रोक्ने तथा पशु कल्याण प्रवर्द्धनका बिषयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ।

(२) पशु कल्याण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. <u>पशु वस्तुको ढुवानी सम्बन्धी व्यवस्था</u>: (१) कुनै सरकारी वा गैरसरकारी वा निजी व्यक्ति वा संस्थाले कुनै पनि पशु वस्तु नेपाल भर ढुवानी गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विभागले पशु वस्तु ढुवानी गर्दा पशु रोग नियन्त्रण गर्न वा पशु वस्तुको गुणस्तर कायम राख्न वा पशु र मानव स्वास्थ्यको संरक्षण गर्न आवश्यक ठानेको अवस्थामा नेपाल भर वा जिल्ला तोकी समय समयमा कुनै पनि पशु वस्तुको आन्तरिक ढुवानी प्रयोजनका लागि मापदण्ड बनाई पशु स्वास्थ्य प्रमाणपत्र वा स्वच्छताको प्रमाणपत्र अनिवार्य गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रमाणपत्र दर्तावाल पशु चिकित्सकले आफ्नो परिषद्ले तोकिएको ढाँचामा भौतिक वा ईलेक्ट्रोनिक माध्यमबाट जारी गर्नुपर्नेछ।

(४) पशु वस्तु ढुवानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-८

## कसुर, दण्ड र सजाय

४७. **कसुर गरेको मानिने:** (१)कसैले देहाय बमोजिमका कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

(क) दफा ५ र ६ बमोजिम हुने आकस्मिक निरीक्षण र नमुना संकलनमा अवरोध गरेमा।

(ख) दफा ७ विपरीत झुक्याई पशु वस्तुको उत्पादन, प्रशोधन, निकासी, पैठारी, भण्डारण, ढुवानी वा बिक्री वितरण गर्न वा गराएमा।

(ग) दफा ८ बमोजिम तोकेको गुणस्तर भन्दा कम हुने गरी पशु वस्तुको उत्पादन, प्रशोधन, निकासी, पैठारी, भण्डारण, ढुवानी वा बिक्री वितरण र तोकिएको मापदण्ड भन्दा न्यून हुने गरी पशुजन्य उद्योग व्यवसाय तथा पशु सेवा सञ्चालन गर्ने वा गराउने गरेमा।

(घ) दफा १० बमोजिम रोक लगाएको पशु वस्तु बिक्री वितरण गरेमा।

(ङ) दफा १३ बमोजिमको आदेशको उल्लंघन गरेमा।

(च) दफा २१ विपरीत क्वारेन्टाइन चेकपोष्टको बाटो वाहेक पैठारी गरेमा।

(छ) दफा २२ वमोजिम रोक लगाईएका पशु वस्तुको पैठारी गरेमा।

(ज) दफा २३ अनुसारको पैठारी गरिएको पशु वस्तु सम्बन्धित मुलुकमा फिर्ता गर्न दिइएको आदेशको पालना नगरेमा।

(झ) दफा २५ बमोजिम पशु वस्तु नहटाएमा वा नष्ट नगरेमा।

(ञ) दफा २६ बमोजिम पशु उत्पादन सामग्रीको उत्पादक सूचीकरण नगरी बिक्री वितरण गरेमा।

(ट) दफा २७ को उपदफा (६) अनुसारको निकासी वा पैठारी गर्दा तोकिएका शर्त पालन नगरेमा

(ठ) दफा २८ अनुसार प्रतिबन्ध लगाईएको पशु वस्तुको निकासी पैठारी गरेमा।

(ड) दफा २९ र ३० उल्लंघन गरी अनुमति नलिई बिक्री वितरण गरेमा वा पशु वस्तु फिर्ता नगरेमा ।

(ढ) दफा ३३ अनुसार सञ्चालन अनुमति नलिई पशुजन्य उद्योग व्यवसाय गरेमा।

(ण) दफा ४२ को उपदफा (२) खण्ड (क) वमोजिमका पशुपर्ती निर्दयी व्यवहार गरेमा

(त) दफा ४२ को उपदफा (२) खण्ड (ख) वमोजिमका पशुपर्ती निर्दयी व्यवहार गरेमा ।

(थ) दफा ४२ को उपदफा (२) खण्ड (ग) वमोजिमका पशुपर्ती निर्दयी व्यवहार गरेमा ।

(द) दफा ४६ को उपदफा (२) उल्लंघन गरी पशु वस्तु ढुवानी गरेमा।

(ध) दफा ५६ बमोजिमको आदेश पालन नगरेमा।

४८. **दण्ड सजाय:** (१) कसैले देहायको कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछ:-

(क) दफा ४७ को खण्ड (घ), खण्ड (च), खण्ड (छ) र खण्ड (ठ) को कसुरमा कसुरको मात्रा हेरी तीन लाख देखि पाँच लाख रुपैयाँ सम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(ख) दफा ४७ को खण्ड (ख), खण्ड (ङ), र खण्ड (ण) को कसुरमा कसुरको मात्रा हेरी पचास हजार देखि एक लाख सम्म जरिवाना वा ३ महिना देखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(ग) दफा ४७ को खण्ड (ग), खण्ड (ट), खण्ड (ज), खण्ड (ड), खण्ड (त) र खण्ड (ध) को कसुरमा कसुरको मात्रा हेरी पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना वा ३ महिना देखि ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(घ) दफा ४७ को खण्ड (क), (झ), (ञ), (ढ), (थ) र (द) को कसुरमा कसुरको मात्रा हेरी एक लाख देखि तीन लाख रुपैयाँसम्म जरिवाना वा ३ महिना देखि ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) उपदफा (१) वमोजिमका काम वाहेक यो ऐन वा यस ऐन अन्गर्गत वनेका कानुन विपरीत अन्य कुनै काम कारवाही गर्ने वा गराउने गरेमा कसुरको मात्रा हेरी ५० हजार देखी १ लाखसम्म जरिवाना हुनेछ ।

(३) यस ऐन बमोजिमको कसुर गर्न सघाउने वा मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) यस ऐन बमोजिमको एक पटक कसुरमा सजाय पाएको व्यक्तिले पुनः कसुर गरेमा निजलाई दोब्बर सजाय हुनेछ।

४९. <u>तत्काल जरिवाना गर्न सक्ने</u>: (१) दफा ४७ र ४८ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन र ऐन वमोजिम वनेका कानून वमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ, वा आकस्मिक निरीक्षणको क्रममा तत्काल प्राप्त प्रमाणबाट पशु वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रीकर्ता, निकासी वा पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकले कुनै कसुर गरेको देखिएमा निजलाई पशु क्वारेन्टाइन अधिकृत वा भेटेरिनरी निरीक्षकले दफा ४८ मा तोकिए वमोजिम तत्काल जरिवाना गर्न सक्नेछः

(२) उपदफा (१) बमोजिमको कसुर पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ।

(३) उपदफा (१) बमोजिम गरिएको जरिवानाको बारेमा भेटेरिनरी निरीक्षक वा पशु क्वारेन्टाइन अधिकृतले सम्पूर्ण विवरण खुलाई तीन दिन भित्र विभाग वा कार्यालय प्रमुखलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम तत्काल जरिवाना गर्ने निर्णय भएको मितिले सात दिन भित्र सो जरिवाना नतिर्ने, नबुझाउने त्यस्तो पशु वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चालक, संचयकर्ता, निकासी पैठारीकर्ता वा बिक्रेता वा सेवा प्रवाह गर्ने व्यक्ति विरुद्ध भेटेरिनरी निरीक्षक वा क्वारेन्टाइन अधिकृतले देहायका कार्य गर्न सक्नेछ

(क) जरिवाना भएको रकम नतिरे, नबुझाएसम्म त्यस्ता पशु क्वारेन्टाइनमा राख्न निर्देशन दिने वा पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको हकमा सिलबन्दी गरी राख्ने वा पशु सेवा रोक्का राख्ने।

(ख) जरिवाना भएको रकम नतिरे, नबुझाएसम्म त्यस्तो पशु वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रीकर्ता, निकासी वा पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकको पशु वस्तु वा पशु सेवा रोक्का राख्ने।

(५) यस दफा बमोजिम गरेको जरिवानाको निर्णय उपर चित्त नबुझेमा सात दिनभित्र कार्यालय प्रमुख समक्ष पुनरावलोकनको लागि निवेदन दिन सकिनेछ।

(६) पुनरावलोकनको लागि निवेदन दिँदा जरिवाना गर्ने अधिकारीले गरेको जरिवानाको पचास प्रतिशत नगद धरौटी दाखिला गर्नुपर्नेछ।

(७) उपदफा (३) बमोजिमको निवेदन उपर कार्यालय प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ।

(८) उपदफा (३) बमोजिमको निवेदनउपर कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी एक्काइस दिनभित्र सो सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ।

(९) उपदफा (३) बमोजिमको निवेदन उपर महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(१०) तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनुपर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## विविध

५०. **चरन तथा खर्क सम्बन्धी व्यवस्था**: (१) नेपाल सरकारको स्वामीत्वमा रहेको कुनै पनि चरन खर्क वा क्षेत्रलाई पशु चरिचरनका लागि उपयोग गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम चरिचरन गर्दा चरन खर्कलाई दिगो र वैज्ञानिक उपयोगका साथै पर्यावरणीय संतुलन कायम गर्नु सम्बन्धित सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

(३) उपदफा १ बमोजिम पशु चरन खर्कको संरक्षण र प्रवर्द्धन संघ, प्रदेश र स्थानीय तहको कर्तव्य हुनेछ।

(४) चरन खर्क वाट प्राप्त हुने लाभ तथा प्रतिफलको उपयोग सोहि चरन क्षेत्रको संरक्षणमा वा प्रवर्धनमा उपयोग गर्नुपर्नेछ ।

(५) नेपाल सरकारले खर्कको संरक्षण, प्रवर्द्धनका लागि आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्पुर्ण सरोकारवालाको कर्तव्य हुनेछ।

(६) चरन र खर्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. **पशु पहिचान र ट्रेसेबिलिटी** : (१) मन्त्रालयले पशुको पहिचान र पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ट्रसेबिलिटी प्रणाली सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्न सक्नेछ।

(२) पशु पहिचान र ट्रेसेबिलिटी प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **आवश्यक सेवा सम्वन्धि व्यवस्था**: (१) पशु सेवा तथा भेटेरिनरी सेवा आवश्यक सेवाका रूपमा निर्वाध सञ्चालन हुनेछ।

(२) आवश्यक सेवा सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **पशु उत्पादन सामाग्रीको प्रयोगमा प्रतिबन्ध लगाउन सकिने**: कुनै पनि औषधि, हर्मोन, जैविक पदार्थ वा पशु आहारामा मिसाईने वस्तुको मिश्रणका कारण पशु र मानव स्वास्थ्यमा गम्भिर असर देखिने अवस्थामा विभागले उक्त औषधि हर्मोन, जैविक पदार्थ र पशु आहाराको मिश्रणको प्रयोग हुने मात्रलाई पूर्ण र आंशिक प्रतिवन्ध लगाउन वा प्रिस्क्रिबसनलाई सिमित गर्न सक्नेछ।

५४. **पशु पालक किसानको विशेष सुविधा**: यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले पशु पालक किसानलाई राजपत्रमा सूचना प्रकाशन गरी विशेष सामाजिक सुरक्षामा आवद्ध गर्न सक्नेछ।

५५. **सहयोग गर्नुपर्ने**: यस ऐन बमोजिम कुनै काम कारबाही गर्ने सिलसिलामा आधिकारिक निकाय वा अधिकार प्राप्त अधिकारीबाट स्थानीय प्रशासन वा अन्य कुनै सरकारी वा गैर सरकारी कार्यालय वा निकाय वा सरोकारवालाको सहयोग माग भएमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

५६. **आदेश दिन सक्ने**: नेपाल सरकारले पशुपन्छीजन्य प्राकृतिक विपत, भेटेरिनरी जनश्वास्थ्य, आनुवांशिक स्रोत, पशु वस्तुको निकासी वा पैठारी सम्वन्धि विषयमा आवश्यक आदेश दिन सक्नेछ।

५७. **असल नियतले गरेको कामको बचाऊ**: यस ऐन अन्तर्गत अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा व्यक्तिगत तवरले उत्तरदायी बनाइने वा कारबाही गरिने छैन।

५८. <u>अधिकार प्रत्यायोजन</u>: यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारहरू मध्ये मुद्दा हेर्ने र अनुसन्धान गर्ने अधिकार बाहेक अन्य अधिकार आफू मातहतका कर्मचारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

५९. <u>नेपाल सरकार वादी हुने</u>: यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

६०. <u>मुद्दाको अनुसन्धान र दायरी</u>: यस ऐन बमोजिमको मुद्दाको अनुसन्धान तथा तहकिकात कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकार प्राप्त अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष दायर गरिनेछ।

६१. <u>मुद्दा हेर्ने अधिकारी</u>: (१) यस ऐन बमोजिमको कसूरमा मुद्दा हेर्ने अधिकारी देहाय बमोजिम हुनेछन् :-

(क) दफा दफा ४८ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर अनुसार हुने दण्ड सजाय प्रमुख जिल्ला अधिकारीले हेर्ने छ ।

(ख) खण्ड (क) बाहेकका मुद्दा कार्यालय प्रमुखले हेर्नेछ।

६२. <u>पुनरावेदन</u>: यस ऐन बमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निणर्य उपर चित्त नबुझेमा पैंतिस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सकिने छ।

६३. <u>एस ऐन बमोजिम हुने</u>: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

६४. <u>नियम बनाउने अधिकार</u>: (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयन गर्नका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयहरूमा नेपाल सरकारले नियमहरू बनाउन सक्नेछः-

(क) पशु वस्तुको गुणस्तर निर्धारण विधि, मापदण्ड निर्धारण र समिति गठन सम्बन्धी विषयमा
(ख) पशुजन्य उद्योग, व्यवसायको दर्ता, सिफारिस, सञ्चालन, उत्पादन अनुमति सम्बन्धी विषयमा
(ग) पशु वस्तुको निकासी, पैठारी, बिक्री वितरण अनुमति, नवीकरण र गुणस्तर नियमन सम्बन्धी विषयमा
(घ) पशु वस्तु तथा पशु उद्योग व्यवसायको अनुगमन र निरीक्षण सम्बन्धी विषयमा
(ङ) भेटेरिनरी अस्पताल, पशु औषधि पसल, प्रयोगशाला, पशु एम्बुलेन्सको न्यूनतम मापदण्ड र जनशक्तिको न्यूनतम योग्यता निर्धारण सम्बन्धी विषयमा
(च) ऐन बमोजिमको शुल्क तथा दस्तुर निर्धारण सम्बन्धी विषयमा
(छ) पशु वस्तुको नमुना संकलन तथा परीक्षण प्रक्रिया सम्बन्धी विषयमा
(ज) पशु आहारा सम्बन्धी विषयमा
(झ) पशु प्रजनन्, नश्ल सुधार तथा आनुवंशिक स्रोत संरक्षण सम्बन्धी विषयमा
(ञ) पशु कल्याण सम्बन्धी विषयमा
(ट) पशु पहिचान र ट्रेसेबिलिटी सम्बन्धी विषयमा
(ठ) पशु ढुवानी सम्बन्धी विषयमा
(ड) पशु चरन तथा खर्क व्यवस्थापन सम्बन्धी विषयमा
(ढ) पशु आश्रयस्थलको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी सम्बन्धी विषयमा
(ण) रैथाने पशु संरक्षण सम्बन्धी विषयमा
(त) मुद्दा तहकिकात सम्बन्धी विषयमा

(थ) असल पशु पालन अभ्यास सम्बन्धी विषयमा

(द) पशुपालक किसानको विशेष सुविधा सम्बन्धमा

(ध) जलचर वा मत्स्य सम्वन्धि विषयमा

६५. निर्देशिका,कार्यविधि, र मापदण्डहरू बनाउन सक्नेः मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि, मापदण्डहरू र कार्ययोजना बनाउन सक्नेछ।

६६. ऐन कार्यान्वयन मापनः यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक बर्षभित्रि र त्यसपछिको प्रत्येक पाँचबर्षको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसदका दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नेछ।

६७. खारेजी र बचाऊः (१) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरिएका कार्य यसै ऐन बमोजिम भए गरिएको मानिनेछ।

(३) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष दायर भई कारबाहीका क्रममा रहेका वा निर्णय हुन बाँकी रहेका मुद्दा तथा तत्सम्बन्धी निवेदन यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष सर्नेछन्।